
# न्यूजप्रवाह साप्ताहिक
Newsprabah weekly

स्थानीय 'ग' वर्गमा वर्गीकृत

❖ वर्ष ५ ❖ अंक ३० ❖ २०८२ फागुन १३ गते बुधबार ❖ Wednesday, 25 Feb, 2026 ❖ मूल्य रु. १०।- ❖ पृष्ठ ६ ❖ (Website : www.newsprabah.com)


## देशको चर्चामा चितवन-३ :
# कसले मार्ला त बाजी ?

भरतपुर। चितवन क्षेत्र नं ३ यतिबेला देशव्यापी चर्चामा छ। यस क्षेत्रमा का नेपाली कांग्रेस र नेकपा (एमाले)का मतदाताले यसपटक आफ्नै चुनाव चिह्नमा आफ्नो उम्मेदवार भएसँगै मतदान गर्ने अवसर पाएका हुन्। आफ्नो उमेदवारलाई मतदान गर्न पाउने अवसर यसपटक सायदै यहाँका मतदाताले छोड्नेछन्। १२ सालमा राप्रपाका उम्मेदवारलाई सघाएको थियो। माओवादी केन्द्रका डा. भोजराज अधिकारी र राप्रपाका विक्रम पाण्डेलाई सघाएकाले मतपत्रमा रुख चुनाव चिह्न नभएको जिल्ला इञ्चार्ज देवि ज्ञवालीले २०७० सालको संविधानसभा निर्वाचनपछि अहिले आफ्नो चुनाव चिह्नमा मतदान गर्न लागेको बताए। उनले भने, 'निकै उत्साहका



मतदान गर्न पाउने भएका छन्। अहिलेको चुनावमा गठबन्धनको गाँठो अहिलेसम्म परेको छैन, गठबन्धनको गाँठो फुस्कँदा चितवन-३ का मतदातामा उत्साह छाएको छ।

निर्वाचनका समयमा अन्य दलसँग तालमेल गर्दा १२ वर्षदेखि आफ्नो चुनाव चिह्नमा मत हाल्न नपाएका उनीहरुले यसपटक वर्षदेखि रहेको कस्सिएर बनेको गाँठो फुस्कँदा कुन उमेदवारलाई फाइदा पुग्ने हो ? मत परिणामले बताउने छ, तर उमेदवारहरु गठबन्धनको गाँठो फुस्कँदा आफैँलाई फाइदा पुग्ने दावी गरिरहेका छन्।

नेपाली कांग्रेसले विसं २०७९ को प्रतिनिधिसभा निर्वाचनमा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का र २०७४ जिल्ला सभापति राजेश्वर खनालले बताए। उनका अनुसार गठबन्धन नहुँदा कांग्रेस उमेदवारलाई नै फाइदा पुग्नेछ।

नेकपा एमालेले विसं २०७९ को प्रतिनिधिसभा निर्वाचनमा स्वतन्त्र उम्मेदवार दिनेश कोइराला र २०७४ सालको निर्वाचनमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लाई सघाएको थियो। साथ १२ वर्षपछि हामी सूर्य चिह्नमा मतदान गर्दै छौँ, गठबन्धनको गाँठो फुस्कँदा फाइदा एमालेले नै छ।'

यस्तै, नेपाली कम्युनिष्ट पार्टीबाट उमेदवार बनेकी रेनु दाहालले भरतपुर महानगरमा ९ वर्ष गरेको कामकै कारणले मतदाताले जिताउने बताउँछिन्। 'कामको मूल्यांकन जनताले गर्नेछन्,

(बाँकी ५ पेजमा)

# बाघ गणनामा प्रयोग भएका ६० क्यामेरा गायब

भरतपुर। चितवन र पर्सा राष्ट्रिय निकुञ्ज कम्प्लेक्समा बाघ गणनामा प्रयोग गरिएका ६० वटा क्यामेरा हराएका छन्।

चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरले ८५ क्यामेरामध्ये ६० वटा हराएका र २५ वटा बिग्रेका छन्। उनले चितवन र पर्सा राष्ट्रिय निकुञ्जमा एक हजार ७८० वटा क्यामेरा प्रयोग गरिएको बताए।



गत पुस ३ गतेदेखि सुरु गरिएको बाघ गणना बिहीबार सम्पन्न भएको छ। थापा मगरका अनुसार दुई वटा राष्ट्रिय निकुञ्जलाई एउटा कम्प्लेक्स र एउटा कम्प्लेक्सलाई तीन ब्लकमा विभाजन गरी बाघ गणना गरिएको थियो। यस कम्प्लेक्सलाई ९५८ वटा ग्रिड बनाएर बाघ गणना गरिएको थियो। ती ग्रिडमा प्रयोग गरिएका क्यामेरामध्ये ८५ क्यामेरा समस्याग्रस्त भएका थापा मगरले बताए।

उनका अनुसार एउटा ब्लकमा १७ रात क्यामेरा राखेर काम गरिएको हो। दुई वर्ग किलोमिटर क्षेत्रलाई एउटा ग्रिड बनाएर गणना गरिएको हो।

यसअघि सन् २०२२ मा गरिएको बाघ गणनामा नेपालमा ३५५ वटा वयस्क बाघ रहेको तथ्याङ्क सार्वजनिक भएको थियो।

उक्त गणनामा चितवनमा १२८, बर्दिया निकुञ्जमा १२५, बाँके निकुञ्जमा २५, पर्सामा ४१ र शुक्लाफाँटामा ३६ वटा बाघ भेटिएका थिए।

# अब देश र जनतामा समर्पित हुन चाहन्छु - उमेदवार खरेल

भरतपुर । आसन्न प्रतीनिधि सभामा प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि उम्मेद्धार मीना खरेलले आफ्नो जीवन सधैभरि समाजका लागि सुम्पिएको बताइन्।

लामो समय सामाजिक काममा रहेर अहिले नेपाली काँग्रेसबाट प्रतिनिधि सभा चितवन क्षेत्र नम्बर २ बाट उम्मेद्धार बनेकी खरेलले सोमबार पत्रकारहरुसँगको भेटघाटका क्रममा उनले अबको जीवन देश र जनताका लागि समर्पित गर्न आफू प्रतिस्पर्धामा आएको बताएकी हुन्।

उनले भनिन्, "अहिलेसम्म असाहायको काम गरे अब देश र जनाको लागि समर्पित भएर काम गर्न चाहन्छु।" अहिले देशको विषम परिस्थितिमा जनताको घरदैलोमा पुग्न सक्ने एक मात्र उम्मेद्धार आफू भएको भन्दै उनले जनताका प्रतिनिधि भेट्न चुनाब कुर्नुपनै अबस्था आउन नदिने बिश्वाश व्यक्त गरिन्।




नेपाल प्रेस युनियन चितवनका अध्यक्ष अनिल ढकालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पत्रकारहरुको प्रश्नमा जवाफ दिदै उनले भनिन् "अब जनताले आफ्नो प्रतिनिधि खोज्दै हिँड्नु पर्ने अवस्था आउने छैन।" उनले थपिन्, "समाजको काममा नथाकेको म अब देशको काममा थाक्छु भन्ने छैन।"

(बाँकी ५ पेजमा)


## प्रतिनिधिसभा सदस्यको निर्वाचनमा सहभागी बनौं।

❖ प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ फागुन २१ गते बिहीबार हुँदैछ।

❖ मतदान बिहान ७:०० देखि साँझ ५:०० बजेसम्म हुनेछ।

❖ निर्वाचनमा सहभागी भई आफ्नो अमूल्य मतको प्रयोग गरौं।

❖ निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयरहित बनाउन सबै पक्षबाट सहयोग गरौं।


नेपाल सरकार
विज्ञापन बोर्ड

## हार्दिक बधाई तथा शुभकामना


थिरप्रसाद घिताल
अध्यक्ष


जयराम पाण्डे
प्रबन्ध सञ्चालक


रामचन्द्र वंशी ठकुरी
सञ्चालक


मुकुन्दप्रसाद गौतम
सञ्चालक


रामराज पाण्डे
सञ्चालक


सोमबहादुर बज्यू
सञ्चालक


काशीराम सापकोटा
सञ्चालक


शंकरप्रसाद भेटुवाल
सञ्चालक


नवराज अर्याल
सञ्चालक


हरिप्रसाद रिजाल (अच्युत)
सञ्चालक


ढलकप्रसाद धिमाल
सञ्चालक

यस कृषि प्रवर्द्धन बजार विकास प्रा.लि.को नवौं वार्षिक साधारण सभा तथा पाँचौ अधिवेशनबाट अध्यक्षमा **थिरप्रसाद घिताल**, प्रबन्ध सञ्चालकमा **जयराम पाण्डे** र संचालक सदस्यहरुमा **रामचन्द्र वंशी ठकुरी**, **मुकुन्दप्रसाद गौतम**, **रामराज पाण्डे**, **सोमबहादुर बज्यू**, **काशीराम सापकोटा**, **शंकरप्रसाद भेटवाल**, **नवराज अर्याल**, **हरिप्रसाद रिजाल (अच्यूत)**, **ढलकप्रसाद धिमाल** सर्वसम्मत चयन हुनुभएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्दछौं ।

**शालिकराम घिमिरे**
संस्थापक अध्यक्ष एवम्

**कृषि प्रबर्धन बजार विकास प्रा. लि. परिवार**
भरतपुर-२, क्षेत्रपुर, चितवन

# न्यूजप्रवाह
Newsprabah weekly साप्ताहिक

प्रकाशक : बि. एण्ड बि. मिडिया नेटवर्क प्रा.लि.
प्रधान सम्पादक : बबिलाल तामाङ
सम्पादक : मेकना तामाङ
प्रधान कार्यालय : भरतपुर–१६, चितवन
फोन : ९८४५०६७४१४
इमेल : newsprabah@gmail.com
शाखा कार्यालय : गैंडाकोट, शिव अधिकारी मो. ९८४५२०५९२०
शाखा कार्यालय : मुग्लिन, रोहिणी त्रिपाठी मो. ९८४५८०६२९४
मुद्रक : बहुमुखी छापाखाना, भरतपुर–३, प्रेसमार्ग


## सम्पादकीय

### बालबालिकालाई चुनावमा प्रयोग नगर

निर्वाचन लोकतन्त्रको उत्सव हो, जहाँ नागरिकले आफ्नो अधिकार प्रयोग गरी प्रतिनिधि चयन गर्छन् । तर, विडम्बना के छ भने, यो उत्सवमा बालबालिकालाई सहभागी गराउने प्रवृत्ति अझै कायम छ। निर्वाचन आयोगले हालै जारी गरेको विज्ञप्तिमा राजनीतिक दल तथा उमेदवारलाई प्रचारप्रसारमा बालबालिकाको प्रयोग नगर्न आग्रह गर्नु औपचारिक चेतावनी मात्र नभएर संविधान र कानुनले प्रत्याभूत गरेको बालअधिकारको संरक्षणको आह्वान् पनि हो । निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ मा स्पष्ट प्रावधान छ, बालबालिकालाई प्रचारप्रसार, आमसभा वा जुलुसमा प्रयोग गर्न पाइँदैन । यसलाई उल्लङ्घन गर्ने दल वा उमेदवारलाई जरिवाना वा उमेदवारी नै रद्द गर्ने कारबाहीसम्मको व्यवस्था गरिएको छ । यसले देखाउँछ कि कानुनले बालबालिकाको प्रयोगलाई गम्भीर अपराधका रूपमा लिएको छ। संविधानले बालबालिकालाई शिक्षा, स्वास्थ्य, खेलकुद, र सुरक्षित वातावरणमा हुर्किने अधिकार सुनिश्चित गरेको छ । राजनीतिक लाभका लागि उनीहरूको बालपनलाई प्रयोग गर्नु संविधानको मर्मविपरीत हुन्छ ।

चुनावी अभियानमा बालबालिकालाई झण्डा बोकेर, नाराबाजी गराएर वा सांस्कृतिक कार्यक्रममा सहभागी गराएर देखाउने प्रवृत्ति दृश्यात्मक आकर्षण मात्र होइन, उनीहरूको मानसिक विकासमा नकारात्मक असर पार्ने काम हो । विद्यालय समयमा विद्यालयनजिकै चुनावी कार्यक्रम आयोजना गर्दा शैक्षिक वातावरणमा अवरोध सिर्जना हुन्छ। यसले बालबालिकाको अध्ययनमा प्रत्यक्ष असर पार्छ। बालबालिकालाई राजनीतिक रङ्गमा रंगिनु उनीहरूको स्वतन्त्र सोच र भविष्यलाई सीमित गर्ने कार्य हो। राजनीतिक दलहरूले बालबालिकालाई प्रयोग गर्नु आफ्नो लोकप्रियता बढाउने सस्तो तरिका हो । तर, यो संस्कारले लोकतन्त्रलाई नै कमजोर बनाउँछ। लोकतन्त्रको बल नागरिकको सचेत सहभागितामा हुन्छ, बालबालिकाको निर्दोष उपस्थितिमा होइन। दलहरूले बालबालिकाको अधिकारको सम्मान गर्दै उनीहरूलाई शिक्षा र खेलकुदमा प्रोत्साहित गर्ने वातावरण बनाउनुपर्छ, चुनावी नारामा डोऱ्याउनु होइन ।

निर्वाचन आयोगले बालबालिकाको अधिकार संरक्षणमा गरेको आह्वान् सराहनीय छ। यद्यपि आयोगले निगरानी र कारबाहीलाई कठोर बनाउनुपर्छ। दल वा उमेदवारले बालबालिकाको प्रयोग गरेको प्रमाण भेटिएमा तुरुन्त कारबाही गर्नुपर्छ। यससँगै अभिभावक, विद्यालय र समाजले पनि बालबालिकालाई राजनीतिक गतिविधिबाट टाढा राख्ने जिम्मेवारी लिनुपर्छ। बालबालिका राष्ट्रको भविष्य हुन् । उनीहरूको बालपनलाई राजनीतिक प्रचारको साधन बनाउनु अमानवीय मात्र होइन, लोकतान्त्रिक मूल्यको अपमान पनि हो । निर्वाचन लोकतन्त्रको उत्सव हो भने बालबालिकाको संसार शिक्षा, खेलकुद र सिर्जनात्मकता हो । त्यसैले, राजनीतिक दल र उमेदवारहरूले बालबालिकाको अधिकारको सम्मान गर्दै निर्वाचन प्रचारप्रसारमा उनीहरूको प्रयोग नगर्ने संस्कारलाई दृढतापूर्वक अङ्गिकार गर्नुपर्छ । यही मार्गले लोकतन्त्रलाई बलियो बनाउनुको साथै बालबालिकाको भविष्यलाई सुरक्षित राख्न सकिन्छ ।

# बदलिएको कांग्रेसको दायित्व



विचार

- राजकुमार सिवाकोटी

नेपालको राजनीति सहज अवस्थामा छैन। यहाँ आशा-निराशाका संकेत छन् । वर्षौंदेखि जरा गाडेर बसेका राजनीतिक संरचनाहरू कमजोर हुँदै छन्। राज्यका निकायहरूको कार्यक्षमतामाथि प्रश्न उठेको छ। भ्रष्टाचार बढेको र पारदर्शिता हराएको छ । जवाफदेहिता लगभग शून्य छ। देशको भविष्यसँग जोडिएका मुद्दाहरू कल्पनामा सीमित हुँदै छन्। ओली सरकार ढलेपछि बनेको सरकारले थालेका कामहरू पूरा हुन बाँकी छन्। लोकतान्त्रिक प्रक्रियालाई जीवन्त बनाउन आगामी २०८२ साल फागुन २१ गते संघीय संसद्को निर्वाचन हुँदै छ।

तर, देशको राजनीतिक समय चुनौतीपूर्ण भए पनि हामी निराश हुनु हुँदैन। यस्तो अवस्थामा नेपालको सबैभन्दा पुरानो लोकतान्त्रिक दल नेपाली कांग्रेस नयाँ ढंगले अगाडि आएको छ। यसका काँधमा अवस्थालाई सही दिशामा डोऱ्याउने र नागरिकको निराशालाई आशामा बदल्ने गहन जिम्मेवारी छ। आजको संकट नेतृत्व परिवर्तनको मात्र नभएर कांग्रेसका लागि पूर्ण लोकतान्त्रिक पद्धतिलाई बलियो बनाउने अवसर हो। र, बदलिएको कांग्रेससँग निकै ठूलो आशा छ।

नागरिक अपेक्षाले भन्छ- कांग्रेसले परिस्थिति परिवर्तनको नेतृत्व गर्नै पर्छ। संवैधानिक र संस्थागत जवाफदेहितामा कांग्रेसको भूमिका देखिनु पर्छ। आज संविधान कताकता अस्पष्ट ठाउँमा भए पनि समाधान संवैधानिक बाटोबाटै खोजिँदै छ।

हाम्रो समाजमा समस्या धेरै छन्। लोकतान्त्रिक संस्थाहरूको शुद्धीकरण कांग्रेसको रणनीतिको महत्त्वपूर्ण हिस्सा हो र यसको थालनी कांग्रेसभित्रैबाट हुनुपर्छ। राजनीतिक दलहरू आफैं सच्चिन सक्दैनन् भन्ने भाष्य चिर्नु पर्ने छ। त्यसैले, कांग्रेसले संस्थागत सुधारका लागि कम्तीमा ४०% युवालाई पार्टीभित्र अवसर दिने आँट गर्नुपर्छ। नयाँ पुस्ताको ऊर्जालाई कांग्रेसको विचारधारासँग जोड्न सक्नुपर्छ, अन्यथा कांग्रेसको भविष्य कमजोर बन्ने खतरा छ।

राजनीतिक दलसम्बन्धी ऐनमा सुधार हुनु पर्छ। पार्टीभित्र आन्तरिक लोकतन्त्र, लेखा परीक्षण र उम्मेदवार चयनमा प्राथमिक निर्वाचनको व्यवस्था हुनुपर्छ। राजनीतिलाई पेसा नभई सेवाको रूपमा स्थापित गर्नका लागि सम्पत्ति विवरण सार्वजनिक गर्ने कडा नियम बनाउनुपर्छ।

पहुँचवालाले उन्मुक्ति पाउने अवस्था कानुनी शासनको कार्यान्वयनमा ठूलो चुनौती हो। कानुन कमजोरका लागि मात्र हो भन्ने मानसिकतालाई बदल्नुपर्छ। कांग्रेसले पार्टीभित्र-बाहिरका भ्रष्ट व्यक्तिलाई संरक्षण नगर्ने शून्य सहनशीलताको नीतिलाई व्यवहारमा उतार्नुपर्छ। कांग्रेसले आफूलाई ठूलाबडाको समूहबाट आम नागरिकको प्रतिनिधिमा रूपान्तरण गर्नुपर्छ।

विगतमा अख्तियार दुरुपयोग अनुसन्धान र निर्वाचन आयोग जस्ता संस्थाहरू राजनीतिक भागबन्डाको सिकार भए। यो प्रणालीगत असफलताको नमुना हो, जसले नागरिकलाई राज्यबाट टाढा पुऱ्याएको छ। न्यायालयमा हुने राजनीतिक हस्तक्षेप निराशाजनक छ र यो रोक्नैपर्छ। सुरक्षा निकायको व्यावसायिकतामाथि धेरै प्रश्न उठेका छन्। प्रहरी र सेनालाई राजनीतिक प्रभावबाट अलग राख्नुपर्छ।

संसदीय प्रणालीको सुदृढीकरणमा जोड दिनुपर्छ। कांग्रेसले सधैँ संसदीय प्रणालीको वकालत गरेको छ। तर, अब त्रिशंकु संसद् र अस्थिरता रोक्न निर्वाचन प्रणालीमा सुधार गर्न कांग्रेसले राष्ट्रिय बहसको थालनी गर्नुपर्छ। थ्रेसहोल्डको व्यवस्था र उम्मेदवारी छनोट प्रक्रियामा पारदर्शिता ल्याउनु पर्छ। निर्वाचनमा हुने अत्यधिक खर्चले भ्रष्टाचारलाई बढाएको छ। कांग्रेसले निर्वाचन सुधारको नेतृत्व गर्दै कम खर्चिलो र पारदर्शी चुनावी प्रक्रियाको अवधारणा अगाडि सार्नुपर्छ।

योग्यतामा आधारित शासनको स्थापना जरुरी छ। राजनीतिक नियुक्तिमा आफ्नो मान्छे भन्दा योग्य मान्छेलाई प्राथमिकता दिने परम्पराको सुरु कांग्रेसले आफैँबाट गर्नुपर्छ। संवैधानिक निकायमा भागबन्डाको अन्त्य गर्न कांग्रेसले अग्रसरता लिनुपर्छ। राजदूत, विश्वविद्यालयका उपकुलपति र संवैधानिक अंगका प्रमुखको नियुक्तिमा रोस्टर प्रणाली लागू गर्नुपर्छ। त्यस्तै, संसद् बाहिरबाट विज्ञ मन्त्रीको अवधारणालाई कार्यान्वयनमा ल्याउनुपर्छ।

नेपालमा शासन सुधार र पारदर्शिताको मुद्दा कमजोर बन्दै गएको छ। भ्रष्टाचार विरुद्ध कडा कदम चाल्नैपर्छ। भ्रष्टाचारले लगानीको वातावरणलाई खाएको छ। सम्पत्ति शुद्धीकरण संयन्त्रलाई बलियो बनाउनै पर्छ। गैरकानुनी सम्पत्ति आर्जन गर्नेलाई कडा कारबाही गर्दै सम्पत्ति शुद्धीकरणका लागि अन्तर्राष्ट्रिय मापदण्डको पालना गर्नुपर्छ।

विगतका ठूला भ्रष्टाचारका काण्डको निष्पक्ष छानबिनमा कांग्रेसले दृढता देखाउनुपर्छ। भ्रष्टाचारका पुराना मुद्दालाई पुनः खोलेर दोषीलाई दण्ड दिनुपर्छ। सुशासनको प्रत्याभूति हुनै पर्छ। राज्यका हरेक निकायलाई नागरिकप्रति जवाफदेही बनाउन सूचनाको हकलाई कडाइका साथ पालना गर्नुपर्छ।

आर्थिक पुनरुत्थान र युवा रोजगारी एकअर्कामा पूरक छन्। कांग्रेसको नयाँ आर्थिक योजनाले आर्थिक असुरक्षा र विदेश पलायन हुने स्थितिलाई सम्बोधन गर्नुपर्छ। आफ्नै देशमा भविष्य नदेखेर युवाहरू निराश हुनु नै अहिलेको मुख्य समस्या हो। त्यसैले, कांग्रेसले आफ्नो घोषणापत्र र नीतिहरूमा शिक्षालाई उद्योगसँग जोड्ने कार्यक्रम ल्याउनु पर्छ। प्राविधिक शिक्षा र अनुसन्धानमा आधारित सिकाइलाई प्राथमिकता दिनु पर्छ। 'सिक्दै कमाउँदै' कार्यक्रमलाई देशभरि विस्तार गर्नुपर्छ।

युवाले आफ्नो देश छोड्नु आर्थिक विषय मात्र नभएर यो मनोविज्ञानको जटिल समस्या हो। त्यसैले, 'फर्क हे नेपाल' अभियान सुरु गर्नुपर्छ। विदेशमा भएका विज्ञलाई स्वदेश फर्काउन र उनीहरूले आर्जन गरेको सीप-धन लगानी गर्न विशेष सहुलियतको व्यवस्था गर्नुपर्छ। प्रत्येक प्रदेशमा नवप्रवर्तन केन्द्र स्थापना गर्नुपर्छ, जहाँ युवाले आफ्नो विचारलाई उत्पादनमा बदल्न सकून्। यसका लागि कांग्रेसले सरकारी-निजी क्षेत्रको साझेदारीमा काम गर्नुपर्छ। कांग्रेसले 'टाउन हल बैठक' मार्फत युवासँग प्रत्यक्ष कुराकानी गर्ने तरिका बसाल्नुपर्छ। सामाजिक सञ्जालमा आलोचना गर्ने युवालाई नीति निर्माणमा सहभागी गराउने वातावरण बनाउनु कांग्रेसको दायित्व हो।

साना-मझौला व्यवसायलाई प्राथमिकता दिनुपर्छ। नेपालको अर्थतन्त्रलाई केही सीमित व्यक्तिको हातबाट निकालेर युवाहरूले चलाएका स्टार्टअप सम्म पुऱ्याउनु पर्छ। यसका लागि पुँजी, प्रविधि र बजारको व्यवस्था गर्ने नीति कांग्रेसको प्राथमिकता हुनुपर्छ। युवालाई बिना धितो ऋण दिने र प्रविधि हस्तान्तरणमा राज्यले लगानी गर्ने संरचना तयार गर्न कांग्रेस चुक्नु हुँदैन। आजको समयमा देश डिजिटल लोकतन्त्र बिना अगाडि बढ्न सक्दैन। डिजिटल अधिकारलाई मानव अधिकारको रूपमा स्थापित गर्नुपर्छ।

समावेशी नीति र सामाजिक न्याय नै आधुनिक शासन प्रणालीको आत्मा हो। जात, धर्म र क्षेत्रभन्दा माथि उठेर नागरिक अधिकारको कुरालाई महत्त्व दिनुपर्छ। सबैलाई समान अवसर दिनुपर्छ। आरक्षणको सुविधाको पुनः मूल्याङ्कन गर्नुपर्छ। राजनीति र प्रशासनमा महिलाको बलियो सहभागिता हुनुपर्छ। युवा पुस्ताका महिलालाई नेतृत्व गर्ने अवसर दिनुपर्छ।

हाम्रो कार्य जलवायु परिवर्तन र वातावरणीय न्यायसँग जोडिनु पर्छ। यो भविष्यका पुस्ताको आधार हो। हरेक प्राणीको जीवन हो। अबको विकासको केन्द्र हरित अर्थतन्त्र हुनुपर्छ। कांग्रेसले विकासको प्रक्रियालाई वातावरणमैत्री र दिगो बनाउनुपर्छ। हिमाल पग्लनेदेखि सहरको प्रदूषणका समस्यामा स्पष्ट दृष्टिकोण-योजनाहरू ल्याउनुपर्छ।

स्थानीय तहका जनप्रतिनिधिलाई जवाफदेही बनाउन 'राइट टु रिकल' कार्यान्वयन गर्नुपर्छ। स्वास्थ्य र शिक्षामा राज्यको लगानी बढाऔँ। आधारभूत सेवाहरूलाई गैर-नाफामुखी व्यवसाय बनाऔँ। सरकारी खर्चमा पारदर्शिता हुनुपर्छ। बजेट-खर्चको विवरण सार्वजनिक गर्ने प्रणाली बलियो हुनुपर्छ। सार्वजनिक खरिद प्रक्रियालाई सुधारौँ। यसलाई पारदर्शी र प्रतिस्पर्धात्मक बनाउन ई-टेन्डरिंग प्रणालीलाई व्यापक प्रयोग गरौँ।

देशको विदेश नीति-अन्तर्राष्ट्रिय सम्बन्ध कमजोर हुँदै छ। हाम्रो विदेश नीति सधैँ स्वतन्त्र, असंलग्न र पञ्चशीलका आधारभूत मान्यतामा आधारित थियो र हुनुपर्छ। यसलाई अझ बलियो बनाउन कांग्रेसले धेरै काम गर्नुपर्छ। छिमेकी देशहरूसँग मित्रैलो र विश्वासिलो सम्बन्ध स्थापना गर्नुपर्छ।

देशको विकासका लागि अन्तर ाष्ट्रिय सहयोग जुटाउँदा राष्ट्रिय स्वार्थलाई सधैँ पहिलो प्राथमिकता दिनुपर्छ। संयुक्त राष्ट्र संघ, सार्क, बिम्स्टेक जस्ता संगठनमा नेपालले सक्रियता बढाउनुपर्छ। विदेशमा बस्ने नेपालीको हितलाई ध्यानमा राखेर उनीहरूसँगको सम्बन्धलाई अझ बलियो बनाउनुपर्छ।

अन्त्यमा, नेपाल नयाँ युगको खोजीमा छ। त्यो युगको नेतृत्व गर्ने क्षमता कांग्रेसले देखाउनुपर्छ। यो यात्रा चुनौतीपूर्ण छ। तर, लोकतन्त्रको रक्षाका लागि कांग्रेसले आफ्नो जिम्मेवारी र कर्तव्य पूरा गर्नैपर्छ। युवा आन्दोलनले कांग्रेसलाई एउटा चेतावनी दिएको छ। बीपी कोइरालाको प्रजातान्त्रिक समाजवादलाई २१औँ शताब्दीको प्रविधि, पारदर्शिता र नागरिकको चाहनासँग जोड्नुपर्छ। समाजवाद भनेको गरिबलाई राहत दिनु मात्र नभएर प्रत्येक नागरिक-युवालाई उद्यमी बन्ने अवसर दिनु हो।

यदि कांग्रेसले आफ्नो कार्यशैलीमा सुधार गरेन, भ्रष्टाचारलाई प्रोत्साहन दिइरह्यो र सत्ताको खेलमा मात्रै लागिरह्यो भने, युवा आन्दोलनको अर्को लहरले यसलाई पनि सत्ताबाट हटाउन सक्छ। तर, कांग्रेसले यो चुनौतीलाई अवसरमा बदलेर उत्तरदायी लोकतन्त्रको नेतृत्व गऱ्यो भने, नेपालको भविष्य यसैका वरिपरि घुम्नेछ।

*(साभार : मकालुखबरबाट)*


मो. ९८५५०८२३८८, ९८०७२०८०८१



मेकना तामाङ
प्रोप्राइटर

मनछानी कृषि फर्म
भरतपुर-२१, रतनपुर, चितवन



उन्नत जातका बाख्रा, हाँस, कुखुरा, पाडा तथा पाल्तु जनावरहरु खरिद तथा बिक्री गरिन्छ ।

# बिआइटिएम र बिएचएममा चितवन टप बन्यो आरम्भ

भरतपुर। अघिल्ला वर्षहरूमा जस्तै यसवर्ष पनि आरम्भ कलेज पुनः चितवन प्रथम एवम् चितवन द्वितीय हुँदै उत्कृष्ट नतिजा प्रदर्शन गर्न सफल भएको छ।

शैक्षिक हबको रुपमा विकसित हुँदै गरेको चितवन जिल्लाको भरतपुरमा रहेको आरम्भ कलेजले स्थापनाको छोटो समयमा नै उत्कृष्ट नतिजा ल्याएर आफूलाई अब्बल कलेज साबित गरिरहेको छ।

आरम्भ कलेजको बिएचएम (ब्याचलर अफ होटल म्यानेजमेन्ट) र बिआइटिएम (ब्याचलर अफ इन्फर्मेसन टेक्नोलोजी म्यानेजमेन्ट) तर्फ सेकेन्ड सेमेस्टर (ब्याच २०२४) का तीन जना विद्यार्थीले उत्कृष्ट नतिजा ल्याउन सफल भएका छन्।

आरम्भ कलेजले बिआइटिएमतर्फ चितवन जिल्ला प्रथम र जिल्ला द्वितीय तथा बिएचएमतर्फ जिल्ला द्वितीय स्थान हासिल गरेको छ।

बिआइटिएमकी छात्रा सेजल खड्गी ३.८४ एसजिपिए ल्याई चितवन टपर हुन सफल भएकी छन् भने छात्र सौरभ पौडेल ३.७६ एसजिपिए ल्याएर चितवन सेकेन्ड टपर भएका छन्। यसैगरी, बिएचएमका छात्र सविन श्रेष्ठ ३.८३ एसजिपिए ल्याएर चितवन सेकेन्ड टपर भएका छन्।

कलेजका प्राचार्य सुरज शिवाकोटीले आरम्भ कलेज यसअघि त्रिविको बिएचएमतर्फ नेपाल पाँचौं, नेपाल चौथो हुँदै नेपाल तेस्रो बन्न सफल भएको जानकारी दिए।

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेजले व्यवस्थापन सङ्कायतर्फ ब्याचलर अफ इन्फरमेसन टेक्नोलोजी म्यानेजमेन्ट (बिआइटिएम) र ब्याचलर अफ होटेल म्यानेजमेन्ट (बिएचएम) को पढाई सञ्चालन गरेको छ। गत वर्ष बिएचएमको पहिलो सेमेस्टरको परीक्षामा सविन श्रेष्ठ ३.९८ एसजिपिएसहित चितवन जिल्ला प्रथम र त्रिवि तेस्रो भएका थिए। बिआइटिएमकी छात्रा सेजल खड्की अघिल्लो वर्ष पनि ३.८४ एसजिपिएसहित जिल्ला प्रथम भएकी थिइन्।

कलेज स्थापनाको वर्ष पहिलो सेमेस्टरको परीक्षामा बिएचएमकी छात्रा ङवाङ बम्जन तामाङ ३.९२ एसजिपिए ल्याएर नेपाल पाँचौं र चितवन प्रथम भएकी थिइन्। दोस्रो सेमेस्टरको परीक्षामा पनि उनले ३.९४ ल्याई नेपाल चौथो र चितवन दोस्रो भएकी थिइन्।

# अङ्कुरम् एकेडेमीद्वारा ११० जनालाई एक दिने मन्टेश्वरी तालिम प्रदान

भरतपुर। भरतपुर-७, कृष्णपुरमा रहेको अङ्कुरम् एकेडेमीले चितवन र नवलपुरका ५२ वटा पूर्वप्राथमिक विद्यालय (प्रिस्कुल) का ११० जना शिक्षक/शिक्षिकाहरूलाई प्रारम्भिक बालविकास तथा मन्टेश्वरी तालिम प्रदान गरेको छ।

विद्यालयले 'जीवनभरको सिकाइका लागि बलियो आधार निर्माणका लागि गुणस्तरीय प्रारम्भिक बालशिक्षा' विषयक एकदिने तालिम दिइएको हो।

पूर्वप्राथमिक विद्यालयका शिक्षकहरूलाई बालकेन्द्रित शिक्षण विधि बुझ्न, व्यवस्थित वातावरण निर्माण गर्न सक्षम बनाउन, मन्टेश्वरी सामग्रीको प्रभावकारी प्रयोग गर्न, बालअवलोकन र मूल्याङ्कन सीप विकास गर्न तथा बालबालिकाको सामाजिक तथा भावनात्मक विकासमा सहयोग गर्न सक्षम बनाउने उद्देश्यले तालिमको आयोजना गरिएको हो। पूर्वप्राथमिक विद्यालयकेन्द्रित कार्यक्रममा पाँचवटा माध्यमिक विद्यालयको पूर्वप्राथमिक तहमा अध्यापनरत शिक्षक सहभागी थिए।

सिकाइ फाउन्डेसनकी अध्यक्ष, काठमाडौं युनिभर्सिटी स्कुल अफ एजुकेसनकी लेक्चरर तथा चाइल्डहुड एजुकेसन इन्टरनेसन, वासिङ्टन डिसीसँग आबद्ध प्रशिक्षक डा. मीनाक्षी दाहाल मुख्य प्रशिक्षक रहेको तालिममा विभिन्न प्रयोगात्मक विधिको प्रयोग गरी प्रशिक्षण प्रदान गरिएको थियो।

प्रशिक्षक डा. दाहालले 'सुरक्षित-सुखद र बालकेन्द्रित सिकाइ निर्माण', 'बालबालिकाको सामाजिक-भावनात्मक र संज्ञानात्मक विकासमा सहयोग', 'समावेशी अभ्यासः विविधताले सिकारुहरूलाई सहयोग' र 'सिकाइलाई देखिने बनाउन बालबालिकाको सिकाइको मूल्याङ्कन' विषयमा प्रशिक्षण दिएकी थिइन्।

बालबालिकाको शैक्षिक, सामाजिक, भावनात्मक र शारीरिक तथा समग्र विकासमा जोड दिँदै बाल्यकाल नै विकासको सबैभन्दा महत्वपूर्ण चरण भएकाले यस अवधिमा उचित मार्गदर्शनको अपरिहार्यतालाई मनन गरी बालबालिकालाई भविष्यको असल नागरिक बनाउन आवश्यक शिक्षण प्रणालीका बारेमा तालिममा छलफल गरिएको विद्यालयकी निर्देशक सरला पौडेलले जानकारी दिइन्।

विद्यालयका आवासीय निर्देशक नइम चौधरीले स्वागत तथा कार्यक्रमको लक्ष्यमाथि प्रकाश पार्दै सहभागीहरूलाई ऊर्जा प्रदान र सामूहिकताको महत्वबारे जानकारी गराएको कार्यक्रममा धन्यवाद मन्तव्य शिक्षिका प्रमिला खातीले गरेकी थिइन्। कार्यक्रममा विद्यालयका प्राचार्य सुमन पौडेलले विद्यालयको विगत, वर्तमान र भविष्यका योजनाबारे बोलेका थिए।

# स्वास्थ्य/खेलकुद



## दही खानुका यस्ता छन् १२ फाइदा

मानव स्वास्थ्यका लागि दही अत्यन्त फाइदाजनक छ। दहीबाट बनाइने हरेक प्रकारका खानेकुरा जाडो होस् वा गर्मी स्वास्थ्यका लागि फाइदा नै पुग्छ। यस्ता छन् दही हुने फाइदाहरु :



१. शरीरलाई ठंडा र चिसो राख्छ : दहीमा पानी मिसाई लस्सी बनाई वा मही बनाई पिउनाले शरीरमा पानीको मात्रा प्रशस्त हुनुका साथै पेटको गर्मी पनि हराएर जान्छ।

२. पसिनाको गन्धबाट मुक्ति : दही र बेसनलाई मिक्स गरेर त्यो मिश्रणले मालिस गर्नुहोस् केही समयपछि नुहाउनुहोस् यसले पसिनाको गन्धबाट मुक्ति दिलाउँछ।

३. हड्डीलाई मजबुत बनाउँछ : दहीमा प्रसस्त मात्रामा पाइने क्याल्सियमले हड्डीलाई मजबुत र स्वस्थ राख्न मद्दत गर्छ।

४. स्वस्थ मुटु : दहीले शरीरबाट कोलेस्टेरोलरको मात्रा घटाउने काम गर्छ। यसले तपाईंको मुटुलाई स्वस्थ राख्न मद्दत गर्छ।

५. जोर्नीको दुखाईबाट मुक्ति : दहीमा हिंग मिसाएर खानाले जोर्नीको दुखाईबाट मुक्ति मिल्छ।

६. पाचन प्रक्रियामा सुधार : दहीमा पाईने चिनिको मात्राले पाचन प्रणालीलाई स्वस्थ राख्न मद्दत गर्छ।

७. तौल बृद्धि : दहीमा किसमिस बदाम वा काजु मिलाएर खानाले तौल बढाउन मद्दत गर्छ।

८. चमकदार त्वच्चा : छालामा दही र कागतिको रस मिलाएर लगाउनुस् र केही समयपछि सफा पानीले छाला पखाल्नुस्। यसले छाला चम्किलो सुन्दर र स्वस्थ राख्छ।

९. स्वस्थ कपाल : दहीले कपाल पाँच मिनेट जति मालिस गर्नुस् र केही बेर पछि नुहाउनुस् यसले कपाल चम्किलो, बलियो र सुन्दर राख्छ।

१०. चाँया भगाउछ : दहीमा मरिच पाउडर मिसाएर त्यसले टाउकोमा मालिस गर्नुस् हप्ताको दुईपट यसो गर्नले तपाईंको चाँयाको समस्या कम हुन्छ।

११. ओठ फुट्न कम : दहीको मलाइ९नौनी० दिनको दुई तीन पटक ओठमा लगाउनाले ओठ फुट्ने समस्याबाट मुक्ति मिल्छ।

१२. मिठो निन्द्रा : हरेकदिन एक कचौरा दहीखाने बानी गर्नाले राति मिठो निन्द्रा लगाउन मद्दत गर्छ।


बि. एण्ड बि. मिडिया नेटवर्क प्रा. लि.
भरतपुर, चितवन, मो. ९८४५०६७४१४
हाम्रा सेवाहरू :
ना ४१ प १९९७
नम्बर प्लेट | कलर प्रिन्ट | भिजिटिङ कार्ड
बिल/रसिद | विवाह कार्ड | नाईलन छाप
कम्प्युटर टाईपिङ | बुक सेटिङ/छपाई | म्यागजिन डिजाईन
यहाँ नम्बर प्लेट बनाइन्छ।
पत्रपत्रिकामा विज्ञापन तथा छपाईसम्बन्धी सम्पूर्ण कामका लागि ... ।



"तपाईहरुको सन्तुष्टि नै हाम्रो सफलता हो"
तामाङ छिटोछरितो निर्माण सेवा प्रा. लि.
Tamang Chitocharito Nirman Sewa Pvt. Ltd.
मुख्य कार्यालय : राप्ती-७, हर्दि, चितवन / शाखा कार्यालय : हेटौंडा-९, मकवानपुर
कुनै पनि किसिमको घर तथा व्यवसायिक संरचना निर्माण गर्नु परेमा घर धनि र कम्पनि बीच भएको सम्झौता बमोजिम आवश्यक सामान सहित बिना झन्झट घर धनीलाई चाबी हस्तान्तरण स्किम अन्तर्गत निर्माण सम्पन्न गरेर दिन्छौं।

मुख्य कार्यालय मो. : ९८६५०४२९५६, ९८४५९२७८८१
शाखा कार्यालय मो. : ९८४३९१४०३१
तामाङ छिटोछरितो निर्माण सेवा प्रालि


भरतपुर महानगरपालिका
नगर कार्यपालिका कार्यालय
भरतपुर, चितवन

## सूचना ! सूचना !! सूचना !!!

भरतपुर महानगरपालिकालाई देशकै सुन्दर, समृद्ध र सुसंस्कृत सहर बनाउने जिम्मेवारी तथा दायित्व तपाई हामी सबै सरकारी तथा गैह्र सरकारी संघ/संस्थाहरु, नागरिक समाज एवं हामीसबै महानगरवासीको हो। महानगरपालिकाले भौतिक विकासका साथसाथै महानगरपालिकालाई हरियाली, वातावरण अनुकुलित महानगर बनाउनको लागि विगत वर्षदेखि हरियाली एवं बृहत्तर सरसफाई कार्यलाई समुदायस्तरबाट अभियानको रुपमा सुरुवात गरी निरन्तरता दिइआएको छ। यस महानगरपालिका अन्तर्गत सिर्जित सबै किसिमका फोहोरमैलालाई महानगरपालिकाबाट तोकिएको समयमा जनताका घर, घरबाट नै संकलन तथा उचित व्यवस्थापन हुँदै आएको छ।

यद्यपी सार्वजनिक स्थलहरुमा फोहोर फाल्ने, सडकका दायाँ बायाँ रोपिएका विरुवाहरु उखल्ने, सुर्तिजन्य तथा खाद्य पदार्थहरुको खोलहरु यत्रतत्र फाल्ने, लुकिछिपी घरबाट निस्कने फोहोरमैलाहरु आफ्नो घरआँगन भित्र नराखी सडक किनारमा फाल्ने, सार्वजनिक स्थलमा निर्माण सामाग्रीहरु थुपार्ने, सार्वजनिक संस्थाहरुबाट समेत निर्माण कार्यसम्पन्न पश्चात पनि विद्युतका पोलहरु, दुरसञ्चार तथा इन्टरनेट केवल तारजन्य सामाग्रीहरु सडकपेटीमा राखे प्रवृत्ति देखिएकोले उक्त कार्यहरु नगर्नु नगराउनु हुन यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ। अब उप्रान्त अनुगमनका क्रममा माथि उल्लेखित गतिविधि देखिएमा फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३८ मा उल्लेख भएअनुसारको कसुर मानी दफा ३९ बमोजिम रु. ५ हजार देखि रु. १ लाखसम्मको जरिवाना र सजायका साथै भरतपुर महानगरपालिकाको आर्थिक ऐन,२०८१ बमोजिम जरिवानासमेत स्थलगत रुपमा यस कार्यालयबाट खटिएका नगर प्रहरी लगायतका कर्मचारी मार्फत असुलउपर गरी प्रचलित ऐन, कानून बमोजिम आवश्यक कारवाही गरिने व्यहोरा सम्बन्धित सबैका लागि जानकारी गराइएको छ।

भरतपुर महानगरपालिका
वातावरण तथा विपद व्यवस्थापन महाशाखा


फोन : ९८४६४७५३४१, ९८४६८५२९१५
गोरखा फेन्सी
भरतपुर-११, बसेनी

हामीकहाँ आदिवासी जनजातिका भेषभूषा तथा महिलाका तयारी पोशाकहरु सुपथ मूल्यमा पाइन्छ।

# महानगरपालिकाको मुख्य बजारको यातायात क्षेत्रलाई व्यवस्थापन गर्ने निर्णय

भरतपुर। चितवनको सदरमुकाम-समेत रहेको भरतपुर महानगर-पालिकामा पर्ने मुख्य बजार क्षेत्रको यातायात व्यवस्थापनलाई प्रभावकारी बनाउन विभिन्न् निर्णय गरिएको छ।

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालको अध्यक्षतामा बसेको यातायात व्यवस्थापन समितिको बैठकले लामो तथा छोटो दूरीका सवारी सञ्चालन, मालवाहक सवारीको रुट व्यवस्थापन, ध्वनि प्रदूषण नियन्त्रण, पार्किङ, टिकट काउन्टर व्यवस्थापन र सडक पूर्वाधार सुधारसम्बन्धी निर्णय गर्दै कार्यान्वयनमा ल्याइएको जनाइएको छ।

निर्णयअनुसार पूर्वी जिल्लाबाट काठमाडौं तथा पोखरा जाने यात्रुवाहक बस, मिनीबस, माइक्रोलगायत सवारीले अनिवार्य रूपमा केन्द्रीय बसपार्कमा 'पिक एन्ड ड्रप' गरी केन्द्रीय बसपार्क चोक हुँदै बाइपास सडक प्रयोग गरी आँपटारी चोकबाट बाहिरिनुपर्नेछ। पूर्वी जिल्लाबाट पश्चिमतर्फ जाने सवारीले केन्द्रीय बसपार्कमा ' पिक एन्ड ड्रप' गरी चौबिसकोठी, लायन्सचोक हुँदै पुल्चोकबाट बाहिरिनुपर्नेछ।

पश्चिम क्षेत्रबाट पूर्व तथा काठमाडौंतर्फ जाने यात्रुवाहक सवारीले केन्द्रीय बसपार्कमा 'पिक एन्ड ड्रप' गरी केन्द्रीय बसपार्क चोक हुँदै गन्तव्यतर्फ जानुपर्नेछ। बागलुङ, पोखरा तथा काठमाडौंबाट पूर्व वा पश्चिम जाने सवारीले आँपटारीबाट बाइपास सडक हुँदै केन्द्रीय बसपार्कमा 'पिक एन्ड ड्रप' गरी गन्तव्यतर्फ जानुपर्नेछ।

जिल्लाबाट पूर्व तथा पश्चिम जाने लामो दूरीका सवारीले अनिवार्य रूपमा केन्द्रीय बसपार्कबाट मात्र यात्रु लिनुपर्नेछ। चितवनबाट बागलुङ, पर्वत, पोखरा, स्याङ्जा, गोरखा र लमजुङ जाने बस तथा मिनीबस नारायणगढ (पोखरा) बसपार्कबाट क्यु लिई आँपटारी हुँदै बाहिरिनुपर्नेछ। महानगर क्षेत्रभित्र जथाभावी यात्रु चढाउने तथा ओराल्ने प्रयोजनका लागि सवारी रोक्न नपाइने निर्णय गरिएको छ। केन्द्रीय बसपार्क (पारस बसपार्क) र नारायणगढ (पोखरा) बसपार्कबाट क्यु लिई सञ्चालन हुने बस तथा मिनीबसले रातिको पार्किङ सोही बसपार्कमा गर्नुपर्नेछ।

भरतपुर महानगर क्षेत्रको रिङरोडमा चल्ने म्याजिकको क्यु र पार्किङ सम्बन्धित समितिले व्यवस्थापन गरेका स्थानमा हुनेछ र त्यसको जानकारी महानगर तथा जिल्ला ट्राफिक प्रहरी कार्यालयलाई दिनुपर्नेछ। भरतपुरबाट टाँडी, पर्सा, भण्डारा, लोथर जाने तथा त्यहाँबाट आउने बस र म्याजिकको क्यु तथा पार्किङ केन्द्रीय बसपार्कमा हुनेछ भने अन्तिम विन्दु लायन्सचोक तोकिएको छ।

नारायणगढबाट कावासोती, डन्डा, हेटौंडा र वीरगन्ज जाने बस तथा मिनीबसको क्यु लिने स्थान केन्द्रीय बसपार्क हुनेछ। सम्बन्धित बसपार्कबाट छुटेका मिनीबस तथा म्याजिकले तोकिएका स्थानबाहेक अन्यत्र 'पिक एन्ड ड्रप' तथा पार्किङ गर्न पाउने छैनन्। स्थानीय सवारीको 'पिक एन्ड ड्रप' स्थान महानगर, सडक डिभिजन कार्यालय, ट्राफिक प्रहरी र यातायात समितिको संयुक्त अनुगमनपछि निर्धारण गरिनेछ।

भरतपुरबाट पश्चिम चितवनतर्फ जाने बस तथा म्याजिक चौबिसकोठी हुँदै लायन्सचोकबाट घुमाउनुपर्नेछ। सम्बन्धित स्थलबाट छुटेका सवारी तोकिएको अन्तिम स्थानसम्म अनिवार्य पुग्नुपर्नेछ।

जिल्लाभित्र चल्ने लोकल मिनीबस, म्याजिक र अटो आ-आफ्नो क्यु छुट्ने पार्कबाट रुट नम्बरका आधारमा सञ्चालन गर्नुपर्नेछ। रुट नम्बर स्टिकर सम्बन्धित यातायात प्रालिले व्यवस्थित गर्नुपर्नेछ। भरतपुर महानगर क्षेत्रमा चल्ने अटो अनिवार्य रूपमा प्रालिमा दर्ता भई सोही प्रालिको लोगो लगाएर मात्र सञ्चालन गर्नुपर्नेछ। लोगो नभएका अटो सञ्चालनमा रोक लगाइनेछ। अटो नवीकरण सम्बन्धित प्रालिको सिफारिसमा मात्र हुनेछ। अटोको रुट, सेक्टर विभाजन तथा रङ निर्धारण महानगरपालिका, यातायात व्यवस्था कार्यालय, ट्राफिक प्रहरी र सम्बन्धित प्रालिको सहकार्यमा गरिनेछ। रुट मार्किङ तथा स्टिकर व्यवस्था गरी तोकिएको रुटबाहेक अन्यत्र सञ्चालन निषेध गरिनेछ। तीनपाङ्ग्रे साना सवारीलाई बजार क्षेत्रको राजमार्ग प्रयोगमा पूर्ण रोक लगाइएको छ।

नारायणगढ बजारको पुल्चोकदेखि पोखरा बसपार्कतर्फ जाने सडकमा बिहान ८:०० देखि बेलुका ८:०० बजेसम्म ठूला मालवाहक तथा लामो दूरीका सवारी प्रवेश निषेध गरिएको छ। काठमाडौं तथा पोखराबाट आउने यस्ता सवारीलाई पनि सोही अवधिमा बजार प्रवेशमा रोक लगाई बाइपास सडक प्रयोग अनिवार्य गरिएको छ। बिहान ९:०० देखि बेलुका ७:०० बजेसम्म बजार क्षेत्रमा मालवाहक सवारीले लोडअनलोड गर्न पाउने छैनन्।

गोन्द्राङदेखि पुल्चोक हुँदै आँपटारीसम्म जथाभावी हर्न बजाउन निषेध गरिएको छ। पूर्वपश्चिम राजमार्ग, पुल्चोक-आँपटाँडी सडक तथा बाइपास सडकको दायाँबायाँ भागमा निजी तथा भाडाका सवारी पार्किङ निषेध गरिएको छ। पुल्चोक, सहिदचोक, लायन्सचोक, चौबिसकोठी चोक र केन्द्रीय बसपार्क चोक लगायत स्थानमा रहेका विभिन्न यातायात प्रालिका टिकट काउन्टर, बसपार्क प्रयोग तथा कवाडी शुल्क उठाउने काउन्टर सात दिनभित्र हटाई सम्बन्धित बसपार्कमा राख्नुपर्नेछ।

केन्द्रीय बसपार्क चोकदेखि आँपटारीसम्मको बाइपास सडकखण्डका जोखिमयुक्त मिडियन क्रसिङ सडक डिभिजन कार्यालयले बन्द गराउने निर्णय गरिएको छ। पूर्वपश्चिम राजमार्गअन्तर्गत गोन्द्राङदेखि पुल्चोकसम्मको सर्भिस लेनलाई एकतर्फी बनाइ ट्राफिक व्यवस्थापन गरिनेछ। निर्णय कार्यान्वयनका लागि आवश्यक सामग्रीको बजेट भरतपुर महानगरपालिकाले सुनिश्चित गर्ने र आफ्नो कार्यक्षेत्रभित्रका सडक पूर्वाधार सडक डिभिजन कार्यालयले व्यवस्थापन गर्ने जनाएको छ।

बैठकमा भरतपुर महानगरपालिका कार्यवाहक नगरप्रमुख चित्रसेन अधिकारी, प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्रदेव भारती, जिल्लास्थित सुरक्षा निकायका प्रमुख, सम्बन्धित कार्यालयका प्रमुख, महानगरका कर्मचारी, विभिन्न यातायात प्रालिका प्रतिनिधि, उद्योग वाणिज्य संघ, यातायात व्यवस्था कार्यालय तथा अन्य सरोकारवाला निकायका प्रतिनिधिको सहभागिता रहेको थियो। उहाँहरूले निर्णय कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुका साथै आफ्नो क्षेत्रबाट सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए।

कार्यवाहक नगरप्रमुख अधिकारीले यातयात व्यवस्थापनको समस्या सामूहिक रूपमा समाधान गर्दै व्यवस्थित सहरीकरणमार्फत भरतपुरलाई अगाडि बढाउनुपर्नेमा जोड दिए।

प्रमुख जिल्ला अधिकारी अर्यालले चितवन तथा भरतपुर देशकै मध्यभागमा रहेको हुनाले यातायात व्यवस्थापनलाई अनुशासित र प्रभावकारी बनाउन निर्णय कडाइका साथ कार्यान्वयन गरिने जानकारी दिए।

महानगरका प्रमुख प्रशासकीय अधिकृत भारतीले बजार क्षेत्रमा देखिएको पार्किङ समस्या समाधानका लागि बहुउद्देश्यीय भवन निर्माण र सार्वजनिक-निजी पार्किङ क्षेत्रको प्रवर्द्धन आवश्यक रहेको उल्लेख गरे। कार्यक्रममा जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख अनिल थापाले जिल्लामा भएका सवारी दुर्घटनाको वर्तमान अवस्था, ट्राफिक व्यवस्थापनका चुनौती, सवारी व्यवस्थापनमा देखिएका कठिनाइ तथा सुधारका लागि आवश्यक योजना र निर्णयबारे जानकारी गराएका थिए।


विज्ञापन गर्नु परेमा

सम्पर्क :
९८४५०६७४१४
९८४५२०५९२०


## फिल्म/मनोरञ्जन

# रेखाको "माया भनेकै यस्तो होला" निर्माण हुने

'आ बाट आमा' वर्षको धेरै कमाउने तेस्रो फिल्म

काठमाडौं। यस वर्ष नेपाली फिल्मबीच एकअर्काको व्यापारलाई उछिन्ने रोचक प्रतिस्पर्धा चलिरहेको छ। गत कात्तिकमा 'ऊनको स्वीटर'को व्यापारलाई उछिन्दै 'जेरी अन टप' यस वर्षको सर्वाधिक कमाउने फिल्म बनेको थियो। तर, त्यसको एक महिनामै 'परान'ले 'जेरी अन टप'लाई उछिन्यो। यतिबेला भने यी तीन फिल्मको व्यापारलाई 'आ बाट आमा'ले चुनौती दिइरहेको छ।




यसैक्रममा सोमबार यो फिल्मले एउटा महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ। यसले 'ऊनको स्वीटर'लाई पछि पार्दै यस वर्ष धेरै कमाउने तेस्रो फिल्मको रूपमा आफ्नो नाम लेखाएको छ। यो फिल्मले सिनेपाः बक्स अफिसमा सोमबार दिउँसो ३ बजेसम्म ११ करोड ४३ लाखभन्दा बढीको व्यापार गरेको देखिन्छ। 'ऊनको स्वीटर'को व्यापार ११ करोड ४१ लाख रुपैयाँ ग्रस थियो।

अब 'आ बाट आमा' यस वर्षको दोस्रो धेरै कमाउने फिल्म बन्ने लक्ष्यमा देखिन्छ। त्यसका लागि यो फिल्मले 'जेरी अन टप'को कुल व्यापारलाई उछिन्नु पर्छ। यसले १२ करोड २६ लाख ६ हजार रुपैयाँ ग्रस कमाइ गरेको थियो। चौथो सातामा पनि फिल्मको दैनिक व्यापार १० लाखमाथि रहेकाले प्रतिनिधि सभाको निर्वाचनभन्दा अघि नै 'जेरी अन टप'को रेकर्ड तोडिने प्रवल सम्भावना देखिन्छ।

यस वर्षको सर्वाधिक कमाउने फिल्मको कीर्तिमान भने 'परान'को नाममा छ। चलचित्र विकास बोर्डको बक्स अफिस तथ्यांक अनुसार यो फिल्मले १७ करोड ७७ लाख रुपैयाँ ग्रस कमाएको छ। यसको व्यापारलाई पनि 'आ बाट आमा'ले उछिनेको खण्डमा यो नेपाली फिल्मको इतिहासमै सर्वाधिक कमाइ गर्ने चौथो र यस वर्ष धेरै कमाउने पहिलो फिल्म बन्नेछ।

चन्द्र पन्तको निर्देशनमा बनेको यस फिल्ममा विपना थापा, प्रदीप रावत (गजनी भिलेन), पल शाह, साइग्रेस पोखरेल, सिम्रन पन्त, उषा उप्रेती, रचना गौतम लगायतको अभिनय रहेको छ। आइतबार मात्र यो फिल्मको सिक्वेल निर्माणको घोषणा गरिएको छ। पल स्वयंको मुख्य भूमिका रहने 'आ बाट आमा २'लाई आउँदो वर्षको दशैंमा प्रदर्शन गरिनेछ। - फिल्मीखबरबाट।

# दुई निकुञ्जमा सकियो बाघ गणना

भरतपुर। चितवन र पर्सा राष्ट्रिय निकुञ्ज कम्प्लेक्समा बाघ गणना सकिएको छ। गत पुस ३ गतेदेखि सुरु गरिएको बाघ गणना सम्पन्न भएको छ।

निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरका अनुसार तेस्रो ब्लकको काम सकिएर क्यामेरा सङ्कलनको काम बिहीबार सकिएको छ। उनले भने, 'तीनवटै ब्लकमा १३ टोलीले काम गरेको हो।' उनका अनुसार पहिलो ब्लक त्रिवेणी, अमलटारी, कसरा, हुँदै बरण्डाभार क्षेत्रलाई पहिलो भाग बनाएर गणना गरिएको थियो। पहिलो ब्लकलाई २८६ वटा ग्रिड बनाएर गणना गरिएको थियो।

क्यामेरा उठाएपछि दोस्रो भागमा जडान गरी गणना सुरु गरिएको थियो। दोस्रो भागमा १३ क्याम्प बनाएर गणना गरिएको सूचना अधिकारी थापामगरले बताए। यस भागअन्तर्गत सौराहा, खगेन्द्रमल्ली हुँदै लोथर प्रतापपुर, बोटे सिमारा, स्वमेश्वर, बगइ, अम्बुवा, सिकारी बाससम्मको क्षेत्रमा क्यामेरा जडान गरेर गणना गरिएको थियो। सो ब्लकलाई ३३६ ग्रिडमा विभाजन गरेर बाघ गणना गरिएको हो।

गणकहरूले भूगोलअनुसार आठदेखि बाह्रसम्मको ग्रिडमा राखिएका क्यामेरा दैनिक अनुगमन गर्ने गरेका थिए।

बाघको फोटो हेरेर तिनीहरूको शरीरमा भएका पाटाका आधारमा संख्या छुट्याइन्छ।

# प्रजिअसहित सुरक्षा प्रमुखको बजार क्षेत्रमा स्थलगत अनुगमन

चितवन। भरतपुर महानगरपालिकाअन्तर्गत पर्ने मुख्य बजार क्षेत्रमा यातायात व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि प्रमुख जिल्ला अधिकारी गणेश अर्यालसहित सुरक्षा निकायका प्रमुखले स्थलगत अनुगमन गरेका छन्। उनीहरूले नारायणगढको लाइन्सचोकदेखि पुल्चोकसम्मको क्षेत्रमा अनुगमन गर्नुका साथै सर्वसाधारण, सवारी चालक तथा व्यवसायीलाई ट्राफिक नियमको पालना गर्न सचेतना गराएका हुन्।

प्रमुख जिल्ला अधिकारी अर्यालले सवारीसाधन जथाभावी रोक्दा दुर्घटनाको जोखिम बढ्ने, यात्रुलाई असहजता हुने तथा व्यवसायीहरूलाई असर पर्ने भएकाले यातायात व्यवस्थापन सबैको दायित्व रहेको बताए। उनले स्थलगत रूपमा नै चालक, व्यवसायी र यात्रुको समस्या बुझ्दै सबै पक्षलाई सजग गराएका थिए। सवारीसाधन अव्यवस्थित रूपमा रोकिँदा हुने समस्या औंल्याउँदै उनले महानगरपालिका र डिभिजन सडक कार्यालयलाई बिग्रिएको सडक मर्मत तथा सुधार गरी व्यवस्थित बनाउन निर्देशन दिए।

साथै, उनले व्यवसायीहरूले पसल बाहिर राखेका सामग्री हटाउन र तोकिएको स्थानमा मात्र पार्किङ गर्न, चालकलाई नियमअनुसार सवारी चलाउन, यात्रुहरूले तोकिएको स्थानमा बाटो काट्न र हिँड्न, साथै सुरक्षाकर्मीले नियम नमान्नेहरूलाई कारबाही गरी सचेत गराउन निर्देशन दिएका थिए।


Cell: 9845067414
B. & B. Media Network [P.] Ltd.
Bharatpur, Chitwan
Remember for :
Visiting card
Wedding card
Number Plate
Color Print
Nylon Stamp
Bill/Receipt
Computer Design
Flex/Photo Print
All kinds of Printing Job

# कसले ...

जान्नेलाई छान्ने होइन, काम गर्नेलाई जनताले छान्छन् भन्ने मेरो विश्वास छ' उनले भनिन्।

विसं २०७० मङ्सिर ४ मा सम्पन्न दोस्रो संविधानसभा निर्वाचनमा तत्कालीन नेपाली कांग्रेसका सभापति सुशील कोइराला निर्वाचित भएका थिए। अहिले यो निर्वाचन क्षेत्र नं ३ मा पर्छ। दुई ठाउँमा निर्वाचित भएपछि कोइरालाले चितवन क्षेत्र नं ४ छाड्नुभएको थियो। त्यसपछि भएको उपचुनावमा नेपाली कांग्रेसका रामकृष्ण घिमिरे विजयी भएका हुन्। उपनिर्वाचनमा एमाले र कांग्रेसले आआफ्नै चुनाव चिह्नमा मतदान गरेका थिए। त्यसपछि भएको संसदीय निर्वाचनमा आफ्नो चुनाव चिह्नमा मतदान गर्न पाएका थिएनन्।

विसं २०५६ मा चितवनमा चार वटा क्षेत्र थिए। विसं २०६४ मा आउँदा पाँच वटा र विसं २०७० मा पनि पाँच वटै कायम भयो। विसं २०७४ मा तीन वटा क्षेत्र भए। तीन वटा क्षेत्र कायम भएपछि एमाले र तत्कालीन नेकपा (माओवादी) बीच एकता भयो र पार्टी नेकपा बन्यो। नेकपाबाट उम्मेदवार भएका पार्टीका दोस्रो अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' निर्वाचित भए। प्रचण्डले राप्रपाका विक्रम पाण्डेलाई नौ हजार ३४१ मतान्तरले पराजित गरेका थिए। तत्कालीन समयमा पार्टी एकताका कारण नेकपा एमालेले दाहाललाई मतदान गरेको थियो।

विसं २०७९ को चुनावमा यस क्षेत्रमा राप्रपाका विक्रम पाण्डे विजयी भए। पाण्डेले आफ्ना निकटतम प्रतिद्वन्द्वी माओवादी केन्द्रका भोजराज अधिकारीलाई नौ हजारभन्दा बढी मतान्तरले पराजित गर्नुभएको थियो। अधिकारी कांग्रेस र माओवादी केन्द्रको गठबन्धनबाट उम्मेदवार बने। पाण्डेले ३५ हजार ५५ मत ल्याउँदा अधिकारीले २५ हजार ८२२ मत ल्याएका थिए

यस क्षेत्रमा कांग्रेसबाट बागी उठेका दिनेश कोइरालालाई एमालेले सघाउने निर्णय गरेको थियो। उनको निर्वाचन चिह्न माछा थियो। एमालेले मतदातालाई निर्देशन दिएर माछा चिह्नमा भोट हाल्न लगाएको थियो। कोइरालाको १२ हजार ५७ मत आएको थियो। यहाँ राष्ट्रिय स्वतन्त्र पार्टीकी जिता बरालले तेस्रो स्थान प्राप्त गरे। उनले १४ हजार ८४२ मत ल्याए।

आसन्न प्रतिनिधिसभा निर्वाचनमा चितवन क्षेत्र नं ३ मा कांग्रेस र एमाले दुवै पार्टीका उमेदवार छन्। कांग्रेसबाट टेकप्रसाद गुरूङ र एमालेबाट युवानेता शङ्करराज थपलिया उमेदवार छन्। कांग्रेस एमालेका दुवैको चुनाव चिह्न यसपटकको निर्वाचनमा रहेका छन्।

गरेको विकासले नै जित र राष्ट्रिय स्वतन्त्र पार्टीबाट सोविता गौतम उमेदवार छन्। राप्रपाबाट दीपक थापामगर उम्मेदवार छन्। यस क्षेत्रमा दल र स्वतन्त्र गरी २३ जना उमेदवार छन्। यस क्षेत्रमा भरतपुर महानगरपालिकाका १९ वटा वडा र माडी नगरपालिका पर्दछ। यस क्षेत्रमा एक लाख ५५ हजार ३०९ जना मतदाता रहेका छन्। तीमध्ये ७५ हजार ६९६ जना पुरुष र ७९ हजार ६१२ जना महिला एवम् एक जना तेस्रोलिङ्गी रहेका छन्। उनीहरुले ६३ वटा स्थल र १७४ वटा केन्द्रबाट मतदान गर्नेछन्।

# अब ...

अहिले आफनो मुद्दाहरु जनताको भावना अनुसार रहेकाले आफू र काँग्रेस जनताको जीविकाका लागि सधै लाग्ने उनले बताइन्। बदलिएको काँग्रेस अब जनता माझ बदलिएर आएको भन्दै उनले आफ्नो प्रतिस्पर्धी कोही नरहेको बताइन्। अहिले काँग्रेसको नेतृत्व गरेका गगन थापा आफैँमा युवा पुस्ताको भावना अनुसार चल्ने भएकाले सबै एक ठाउँ भएर विजयी गराउन आग्रह गरिन्।

सो अवसरमा नेपाली काँग्रेसका केन्द्रीय सदस्य जीतनारायण श्रेष्ठले काँग्रेस अहिले नयाँ नेतृत्व र नयाँ नीतिका साथ आएकाले सबै एक भएर काँग्रेसका उम्मेद्वारलाई जिताउन आग्रह गरे।

यस्तै चितवन क्षेत्र नम्बर १ मा घरदैलो कार्यक्रम सम्पन्न भएको छ। रत्ननगर नगरपालिका वडा नम्बर १४ भएको घरदैलो कार्यक्रममा जेन-जी युवाहरुले आफूहरुको भावना सम्बोधन गर्न आग्रह गरेका थिए। सो क्रममा बोल्दै प्रतिनिधि सभा सदस्य राजेन्द्र बुर्लाकोटीले युवा पुस्ताको भावना अनुसार काँग्रेसमा परिवर्तन भएको बताउँदै आफू पनि युवाको भावना अनुसार काम गर्न प्रतिनिधि सभा सदस्यमा उम्मेद्धारी दिएको बताइन्।

कार्यक्रममा काँग्रेस जिल्ला सभापति राजेश्वर खनाल, क्षेत्रीय निर्वाचन संयोजक किरण भूषण ओली, राष्ट्रिय सभा सदस्य गिता देवकोटा, चितवन-काठमाडौं सम्पर्क समाजका सभापति ऋशेश्वर थपलिया, काँग्रेस नेतृ नीता ढकाल, अनिता अर्यालले अब देशको जिम्मेवारी काँग्रेसले लिने बताइन्।

चितवन क्षेत्र नम्बर तीनका उम्मेद्धावर टेकप्रसाद गुरुङ्ले थारु समुदायको मागहरु सम्बोधन गर्न काँग्रेस नै आवश्यक रहेको बताए। माडी वडा नम्बर ४ लगाएतका वडाहरुमा घरदैलो कार्यक्रममा बोल्दै उहाँले थारु समुदायको माग पुरा गर्न काँग्रेसको नेतृत्व आवश्यक हुने बताए।

उनले भने, "काँग्रेस सधै जनताको पक्षमा छ। अबि पनि रहने छ।" यस्तै जिल्लाका सबै वडाहरुमा काँग्रेस नेता तथा कार्यक्रताहरुले नियमित घरदैलो कार्यक्रम गरिरहेका छन्।

न्यूजप्रवाह साप्ताहिकको खबर अब जस्ताको तस्तै हेर्न तलको लिंक खोल्नुहोस
https://newsprabah.com/e-paper/

# कारागार र जिससमा थप दुई मतदानस्थल

भरतपुर। आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि यहाँ दुई अस्थायी मतदान केन्द्र थपिने भएका छन्। निर्वाचन कार्यालय भरतपुरका अनुसार स्थायी रूपमा रहेका मतदान केन्द्रबाहेक कारागार कार्यालय चितवन र जिल्ला समन्वय समिति चितवनमा दुई अस्थायी मतदान केन्द्र राख्न थालिएको हो।

कारागार कार्यालयमा रहेका कैदीबन्दीका लागि कारागारमा र मतदान केन्द्रमा नखटिएका सुरक्षाकर्मी तथा सरकारी कर्मचारीका लागि जिल्ला समन्वय समितिमा अस्थायी मतदान केन्द्र राख्न लागिएको निर्वाचन कार्यालयका प्रमुख भीमसेन कार्कीले जानकारी दिए।

कारागारमा ११५ जना मतदाता रहेका छन्। जिल्लामा दुई हजार ९७६ कर्मचारी निर्वाचनमा खटिने छन्। यहाँ स्थायी मतदान केन्द्र ४९४ वटा कायम गरिएकामा अस्थायी मतदान केन्द्र स्थापना भएसँगै मतदान केन्द्र ४९६ पुगेका छन्। कार्कीका अनुसार जिल्लामा १६२ मतदानस्थल कायम गरिएकामा दुई स्थल थपिएको छ।

जिल्लाका तीनवटा निर्वाचन क्षेत्रमा चार लाख ४२ हजार ८२ जना मतदाता रहेका छन्। यसमा दुई लाख १७ हजार ३१४ पुरुष र दुई लाख २४ हजार ७६६ महिला एवम् दुई जना तेस्रोलिङ्गी रहेका छन्।

# सूचना सूचना सूचना

नेपाल सरकारको सन् २०३० सम्ममा कुकुरको टोकाईवाट मानवमा रेविज शुन्यमा झार्ने प्रतिवद्धता अनुरुप भरतपुर महानगरपालिका, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखाले महानगर भित्रका आफ्नो वरपरको तथा घरपालुवा कुकुर/विरालोहरुमा निःशुल्क रेबिज विरुद्ध खोप कार्यक्रम तपसिल सेवा केन्द्रहरुमा संचालन गरिरहेको हुँदा सम्वन्धित टोलवासी तथा सरोकारवालाहरुलाई यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

**निःशुल्क रेबिज खोप कार्यक्रम संचालन हुने स्थानहरू**

१. पशु सेवा केन्द्र, लंकु
२. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, मंगलपुर
३. पशु सेवा केन्द्र, शारदानगर
४. पशु सेवा केन्द्र, गुन्जानगर
५. पशु सेवा केन्द्र, मेघौली
६. पशु सेवा केन्द्र, पटिहानी
७. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, गीतानगर
८. वडा नं २९, जुगेडी

याद राखौ रेविज एक प्राण घातक रोग हो, जुन रोग देखा परेपछि मृत्यु निश्चित रहेको हुँदा यसवाट जोगिन अनिवार्य रुपमा कुकुरहरुमा नियमित खोप लगाऔं।

**भरतपुर महानगरपालिका**
कृषि तथा पशुपन्छी
व्यवसाय प्रवर्द्धन शाखा

विगत १ दशकदेखि तपाईहरूको सेवामा समर्पित....

WE DEALS IN :
- Computer
- Printer
- Toner
- Cartridge
- Printer Ink
- Accessories & Many More ...




A Complete IT Solution Point
COMPUTER & PRINTER CARE
Ganesh Market, Shaheedchowk
Email : computerandprintercare71@gmail.com
Cell : 9845110902, 9863842217
Viber : 9845110902

We Believe in Quality
COMPUTER & PRINTER SHOP
Sangam Market, Shaheedchowk
Email : computerandprintershop78@gmail.com
Cell : 9845110902, 9863842217
9855065319

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**आकस्मिक एम्बुलेन्स सेवा**

| | |
|---|---|
| रेडक्रस चितवन | ५२०१३३ |
| कावासोती | ५४०४१८ |
| परासी | ५२०१२५ |
| रत्ननगर | ५६०२०१ |
| चनौली | ९८४५०५६९३९ |
| ज्योतिनगर | ९८५५०५८४७४ |
| गीतानगर | ९८४५०६५९६३ |
| महेन्द्रचोक | ९८४५११२२८४ |
| गैंडाकोट | ५०११०० |
| पर्सा | ९८५५०५७१७२ |
| पिठुवा | ५६१२७४ |
| पटिहानी | ९८४५०४७४८७ |
| शारदानगर | ९८४५०५६६३७ |
| भण्डारा | ५५०१३३ |
| शक्तिखोर | ९८४५०५६०३३ |
| सहमति, गैंडाकोट | ९८५५०५६५५९ |
| नेपाल क्षयरोग नि. संस्था | ९७४५०६७४०० |

**अस्पताल काठमाडौं**

| | |
|---|---|
| वीर अस्पताल | ४२२३८०७ |
| | ४२२१९८८ |
| शिक्षण अस्पताल | ४४१२४०४ |
| | ४४१२५०५ |
| कान्ति बाल अस्पताल | ४४१४७९८ |
| टेकु अस्पताल | ४२५३३९६ |
| | ४२५३३९५ |
| वीरेन्द्र प्रहरी अस्पताल | ४४१२४३० |
| आँखा अस्पताल | ४२६०८१३ |
| | ५५२२२६६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| | ५५२१६१२ |

**अस्पताल चितवन**

| | |
|---|---|
| भरतपुर अस्पताल | ५२०१११ |
| क्यान्सर अस्पताल | ५२४५०१ |
| आँखा अस्पताल | ५२०३३३ |
| कलेज अफ मेडिकल साइन्सेस | ५२४२०३ |
| नारायणी सामुदायिक अस्पताल | ५२५५१७ |
| ब्लड बैंक भरतपुर | ५२०८८० |

**प्रहरी प्रशासन**

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ५२०१५५ |
| जिल्ला प्रशासन कार्यालय | ५२०१०५ |
| सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय | ५२०५४४ |
| वडा प्रहरी कार्यालय, पुल्चोक | ५७११४६ |
| जिल्ला ट्राफिक कार्यालय | ५२४८९९ |
| इलाका प्रहरी कार्यालय, गैंडाकोट | ५०११९९ |
| विद्युत प्राधिकरण, भरतपुर | ५२०१६६ |
| भरतपुर महानगर | ५२१४६७ |
| रामग्राम नगरपालिका | ५२०१९३ |
| रत्ननगर नगरपालिका | ५६०३४३ |

**पत्रपत्रिका/सञ्चार**

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ, चितवन | ५३२६५० |
| नेपाल पत्रकार महासंघ नवलपरासी | ५२०४७९ |
| रेडियो साइनो एफ.एम. | ९८४४१३४३०० |
| सिनर्जी एफ.एम. | ५२६९१६ |
| कालिका एफ.एम. | ५२७१५८ |
| विजय एफ.एम. | ५०१४०४ |
| हाम्रो एफ.एम. | ५३२९९६ |
| कान्तिपुर दैनिक | ५३१३०० |
| चितवन पोष्ट दैनिक | ५९५६२१ |
| अन्नपूर्ण पोष्ट | ५२४५९८ |
| कायाकैरन दैनिक | ५३३१६६ |

**पत्रिका मागेर हैन किनेर पढ्ने बानी बसालौं।**

# साप्ताहिक राशीफल

- ज्यो.प. नारायणप्रसाद ढुलाल
मो. ९८४९५५९५०२

**मेष** – यो सातामा शुभकार्यको चर्चा चल्नेछ। नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। मनमा उत्साहका साथै बोली बिक्ने समय छ। नसोचेको ठाउँबाट धनागम हुनेछ। आफन्त र साथीभाइबाट सहयोग तथा हौसला प्राप्त हुनेछ, तर स्वास्थ्य प्रति चैं सावधानी अपनाउनुपर्छ।

**वृष** – यो सप्ताह धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्। सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ। प्रेममा मधुरता छाउला। आँटेको र ताकेको कार्य पुरा होला। साताको उत्तरार्धबाट आर्थिक कारोबारमा मन्दी आउनेछ।

**मिथुन** – यो साता लाभहानी, आयव्यय, सुखदुःख बराबरी खालको समय रहेको छ। रोकिएको काम दोहोर्याएर प्रयत्न गर्दा सफलता मिल्नेछ। साताको अन्त्यमा व्यस्तता बढ्नुका साथै स्वास्थ्यप्रति सजगता अपनाउनु होला।

**कर्कट** – यो साता शुभ कार्यको योजना बन्नेछ। धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ। बन्धु बान्धवबाट सहयोग मिल्नेछ। सेयरको कारोबारमा फाइदा पनि बढ्न सक्छ। साताको अन्त्यमा अनावश्यक ठाउँमा धन खर्च होला।

**सिंह** – यो साता स्वास्थ्यमा समस्या हुनसक्छ, त्यसैले सङ्क्रमणबाट आफू पनि बच्ने र अरूलाई पनि बचाउन सहयोग गर्नु होला। महत्तवपूर्ण कार्यमा व्यवधान आइपर्ला, तर आत्मबल बढाएर काम गरेमा असफल भइँदैन। बुधवारबाट साथी भाइको भेटघाटले मन प्रसन्न रहला।

**कन्या** – यो साता विपरित वर्गबाट विशेष सहयोग मिल्ने र शुभ कार्यको योजना बन्नेछ। सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ। नजिकको मित्रसँग भेटघाट हुनेछ। सांगीतिक क्षेत्रमा रुचि बढ्नेछ। साताको मध्यमा सरकारी निकायको भय रहला।

**तुला** – यो साता कुनै कुराले मनमा शान्ति छाउनेछ। रोकिएका कामहरू पुनः सुरु हुन सक्छन्। विज्ञान र प्राविधिक कार्य अघि बढ्नेछ। मान प्रतिष्ठामा वृद्धि होला। प्रेम जीवन सबल र सफल हुनुका साथै आम्दानीका नयाँ स्रोत बढ्नेछन्।

**वृश्चिक** – यो सप्ताहमा सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। दैनिक कार्य र पढाइमा प्रगति नै हुनेछ। रमणीय र सुखद यात्राको योग छ। राजनीतिक कार्यमा सफलता मिल्नेछ। नयाँ कार्यको अवसर मिल्नेछ। व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ।

**धनु** – यो साताको सुरुका दिनमा दबाब र तनाव बढेको महसुस हुनेछ र केही अप्ठयारा परिस्थितिको सामना गर्नुपर्ला। मन भावुक र उत्ताउलो बन्नेछ, सचेत रहनु होला। मङ्गलवारबाट शुभकार्यको चर्चा चल्नेछ।

**मकर** – यो साता धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ। स्वास्थ्य साबर र शिक्षामा सफलता मिल्नेछ। सामाजिक कार्यमा रुचि बढ्नेछ। धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्। मनोरञ्जनमा सहभागिता भइएला।

**कुम्भ** – यो साता धार्मिक, सामाजिक र अरुको हित हुने काममा समय व्यतीत हुनसक्छ। व्यावसायिक काममा राम्रै फडको मार्न सकिनेछ। एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। पारिवारिक जमघट र विशिष्ट व्यक्तिको सहयोग पाइनेछ।

**मिन** – यो साता सामाजिक कार्यमा रुचि जाग्नुका साथै यात्राको योग पनि देखिन्छ। धार्मिक तथा समाजसेवामा मन लाग्नेछ। पुँजी बजारमा लगानीको अवसर आउनाले मन प्रसन्न रहनेछ र पछि फाइदा हुनेछ। साताको मध्यमा मानसिक चिन्ता बढ्नेछ।

# खटिराजन्य रोगको समस्या देखियो एभोकाडोमा

भरतपुर। एभोकाडोमा क्याङ्कर (खटिराजन्य) रोगको समस्या देखिएको छ। चितवन जिल्लाको पूर्वी र पश्चिम क्षेत्रमा लगाइएको एभोकाडोको बगैँचामा यो रोगको समस्या देखिएको हो।

कृषि विकास कार्यालय चितवनकी बागवानी विकास अधिकृत स्वस्तिका चौहानका अनुसार ढुसीजन्य कारणले यो रोगको सङ्क्रमण देखिएको हो। उनले भने, "अहिले यो रोगको समस्या देखिएको छ। हामीले परीक्षणका लागि पठाएका छौँ।"

उनले भने, 'चितवनमा पहिलोपटक यो रोगको समस्या देखिएको हो।' यो रोग 'फाइटोप थेरा मेनेङ्गी' नामक जीवाणुका कारण लाग्ने गर्दछ। माटो र पानीबाट जीवाणु सर्ने गर्दछन्।

उनका अनुसार यो रोग लागेको बोटमा हाँगा मर्न लागेको जस्तो देखिने, पछि बुटै मर्ने जस्तो समस्या आउने गर्दछ।

बगैँचामा सिँचाइ गर्दा सीधैँ बोटमा पुग्ने गरी सिँचाइ नगर्न, बोटमा घाउँ खटिरा देखिएमा बोडोपेष्ट लगाउन उनले सुझाव दिए।

बागवानी विकास अधिकृत चौहानले भने, 'बगैँचा सरसफाइमा ध्यान दिने, घाउचोट कम लगाउने, सिँचाइमा ध्यान दिने जस्ता कार्य गर्न सके यो रोगबाट बगैँचालाई जोगाउन सकिने छ।' रोग देखिएमा ढुसिनासक औषधिको प्रयोग गर्न उनले सुझाव दिए।

जिल्लामा अहिले ६ दशमलब ५ हेक्टर क्षेत्रफलमा एभोगाडो खेती गरिँदै आइएको छ।

उनका अनुसार सो क्षेत्रफलमा ५१ मेट्रिकटन एभोगाडो उत्पादन हुँदै आएको उनले जानकारी दिए। विगत केही वर्षदेखि चितवनमा यो खेती हुन थालेको हो।

# डढेलोको उच्च जोखिममा बरण्डाभार

भरतपुर। वन्यजन्तुको मुख्य बासस्थानका रूपमा रहेको बरण्डाभार क्षेत्र डढेलोको उच्च जोखिममा रहेको छ। डिभिजन वन कार्यालयका सूचना अधिकारी देवीप्रसाद पौडेलका अनुसार डढेलोको जोखिममा रहेका जिल्लामध्ये चितवन १० वटाभित्र पर्ने र गर्मी बढेसँगै जोखिम बढेको बताए। मुख्यतः फागुनदेखि जेठसम्म डढेलोको जोखिम रहने गरेको छ।

'बरण्डाभार क्षेत्रमा माइकेनिया लगायत झाडीले ढाकेको र गर्मी समयमा यो झार चाँडो सुक्ने भएकाले ढडेलोको सम्भावना बढेको हो। योसँगै सालका पातहरु झरेर सुक्ने हुँदा पनि डढेलोको जोखिम बढेको छ', उनले भने।

सूचना अधिकारी पौडेलका अनुसार कार्यालय मातहतका सामुदायिक वन, कबुलियती वन र धार्मिक वनमा अग्निरेखा निर्माणको काम सुरु गरिएको छ भने सडक आसपासका झाडी सरसफाइ, अग्नि नियन्त्रणका सामग्री खरिद गर्नेलगायत काम गरिएका छन्। हाल कार्यालयसँग चार हजार लिटरको वाटर ट्याङ्क जोडिएको ट्याक्टरमा, आगो निभाउन प्रयोग हुने अन्य सामग्री तयारी अवस्थामा राखिएका छन्।

यस्तै, सबडिभिजन स्तरमा वन डढेलो नियन्त्रण सञ्जाल गठन गर्ने र परिचालन गर्नेलगायत काम भइरहेका छन्। अग्नि नियन्त्रणका लागि आमसञ्चार माध्यमबाट सूचना प्रवाह र जनतालाई सु-सूचित गर्ने कामहरु पनि भइरहेका सूचना अधिकारी पौडेलले जानकारी दिए।

यस कार्यालयअन्तर्गत १० हजार ३०२ हेक्टर क्षेत्रफलमा पूर्व पश्चिम राजमार्ग, नारायणगढ-मुग्लिन सडक खण्डसहित विभिन्न ठाउँ जाने सडक पर्ने भएकाले ती क्षेत्र आवतजावत गर्ने व्यक्तिले चुरोटको ठुटा ननिभाइ फाल्दिने, राम्रो घाँस पलाउँछ भन्दै डढेलो लगाई दिनेजस्ता कार्यले डढेलोको जोखिम हुने गरेको उनले बताए।


## हार्दिक बधाई तथा शुभकामना



**थिरप्रसाद धिताल**
अध्यक्ष

**जयराम पाण्डे**
प्रबन्ध सञ्चालक



**रामचन्द्र वंशी ठकुरी** — सञ्चालक सदस्य
**मुकुन्दप्रसाद गौतम** — सञ्चालक सदस्य
**रामराज पाण्डे** — सञ्चालक सदस्य
**सोमबहादुर बज्यू** — सञ्चालक सदस्य



**काशीराम सापकोटा** — सञ्चालक सदस्य
**शंकरप्रसाद भेट्वाल** — सञ्चालक सदस्य
**हरिप्रसाद रिजाल (अच्युत)** — सञ्चालक सदस्य
**नवराज अर्याल** — सञ्चालक सदस्य
**ढलकप्रसाद धिमाल** — सञ्चालक सदस्य

कृषी प्रवर्धन बजार विकार प्रा.लि., भरतपुर २ चितवनको ९औं वार्षिक साधारण सभा एवं ५औं अधिवेशनबाट यस संस्थाका अध्यक्ष आदरणीय श्री **थिरप्रसाद धिताल**ज्यू अध्यक्ष पदमा, सचिव श्री **जयराम पाण्डे**ज्यू प्रबन्ध सञ्चालक पदमा, उपाध्यक्ष श्री **मुकुन्दप्रसाद गौतम**ज्यू, संचालक सदस्यद्वय श्री **नवराज अर्याल**ज्यू र श्री **हरिप्रसाद रिजाल**ज्यू संचालक सदस्य पदमा, शेयर सदस्यज्यूहरू श्री **सोमबहादुर बज्यू**ज्यू, श्री **रामराज पाण्डे** ज्यू, श्री **शंकरप्रसाद भेटुवाल**ज्यू, श्री **कासीराम सापकोटा**ज्यू, श्री **ढलकप्रसाद धिमाल**ज्यू सञ्चालक सदस्य पदमा र शुभचिन्तक श्री **रामचन्द्र वंशि ठकुरी**ज्यू संचालक सदस्य पदमा सर्वसम्मत निर्वाचित हुनु भएकोले निर्वाचित सम्पूर्णमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**विकास पौडेल**
व्यवस्थापक एवम्
**सिद्धि विनायक बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
भरतपुर-२, क्षेत्रपुर, चितवन



## हार्दिक बधाई तथा शुभकामना



**थिरप्रसाद धिताल**
अध्यक्ष

**जयराम पाण्डे**
प्रबन्ध सञ्चालक



**रामचन्द्र वंशी ठकुरी** — सञ्चालक
**मुकुन्दप्रसाद गौतम** — सञ्चालक
**रामराज पाण्डे** — सञ्चालक
**सोमबहादुर बज्यू** — सञ्चालक



**काशीराम सापकोटा** — सञ्चालक
**शंकरप्रसाद भेटुवाल** — सञ्चालक
**हरिप्रसाद रिजाल (अच्युत)** — सञ्चालक
**नवराज अर्याल** — सञ्चालक
**ढलकप्रसाद धिमाल** — सञ्चालक

कृषि प्रबर्धन बजार विकास प्रा.लि.को नवौं वार्षिक साधारण सभा तथा पाँचौ अधिवेशनबाट यस संघका अध्यक्ष **जयराम पाण्डे** प्रबन्ध सञ्चालक पदमा, पूर्वअध्यक्ष **थिरप्रसाद धिताल** अध्यक्ष पदमा, पूर्वअध्यक्ष **रामचन्द्र वंशी ठकुरी**, निवर्तमान अध्यक्ष **मुकुन्दप्रसाद गौतम**, वरिष्ठ उपाध्यक्ष **रामराज पाण्डे**, महासचिव **काशीराम सापकोटा**, सल्लाहकार **सोमबहादुर बज्यू**, कार्यसमितिद्वय **शंकरप्रसाद भेटवाल** र **हरिप्रसाद रिजाल (अच्यूत)** तथा शुभचिन्तकद्वय **नवराज अर्याल**, **ढलकप्रसाद धिमाल** संचालकमा सर्वसम्मत चयन हुनुभएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्दछौं ।

**पुष्पा सेंढाई**
कार्यालय सचिव एवम्
**फलफूल तथा तरकारी थोक व्यवसायी संघ परिवार**
भरतपुर-२, क्षेत्रपुर, चितवन



## हार्दिक बधाई तथा शुभकामना



**थिरप्रसाद धिताल**
अध्यक्ष

**जयराम पाण्डे**
प्रबन्ध सञ्चालक


कृषि प्रबर्धन बजार विकास प्रा.लि.को नवौं वार्षिक साधारण सभा तथा पाँचौ अधिवेशनबाट **थिरप्रसाद धिताल** अध्यक्ष पदमा, **जयराम पाण्डे** प्रबन्ध सञ्चालक पदमा तथा **मुकुन्दप्रसाद गौतम**, **रामचन्द्र वंशी ठकुरी**, **रामराज पाण्डे**, **काशीराम सापकोटा**, **सोमबहादुर बज्यू**, **शंकरप्रसाद भेटवाल**, **हरिप्रसाद रिजाल (अच्यूत)**, **नवराज अर्याल**, **ढलकप्रसाद धिमाल** सञ्चालकहरुमा सर्वसम्मत चयन हुनुभएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्दछौं ।

**बबिलाल तामाङ**
अध्यक्ष तथा
**बि. एण्ड बि. मिडिया नेटवर्क प्रा.लि. परिवार**
भरतपुर-१६, चितवन





पसिना, औजार, विचार र चेतनाको क्रान्ति
भ्रष्टाचारविरुद्धको शून्य सहनशिलताका लागि
अञ्जुलीमा रहेको माटोमा भोट



देश सोच्न सकुँ म, देश बोल्न सकुँ म, देशकै कर्म गर्न सकुँ म, देशकै लागि मर्न सकुँ म ।



**मिलन थापा मगर**
प्रतिनिधि सभा सदस्य उम्मेदवार
**क्षेत्र नं. २, चितवन**

अञ्जुलीमा रहेको माटो चुनाव चिह्नमा आफ्नो अमूल्य मतदान गरी मिलन थापा मगरलाई विजयी गराइदिनु हुन अनुरोध गर्दछौं ।